# ईन्द्रावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७६/०२/१५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३, हेटौडा, मकवानपुरको च.नं. ६४ मिति २०७५/०४/२२ को पत्र, प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५, ईन्द्रावती गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा गाउँ कार्यपालिकाको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७६/७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७६/७७ को लागि निर्धारण गरिएको संकलन तथा विक्री परिमाण ( घनफिटमा ) | आ.व. २०७६/७७ को लागि निर्धारण गरिएको ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्दी एवं विक्री ( संकलन शुल्क रु. ३ र विक्री शुल्क रु. ६) गरी जम्मा प्रति घन फिट रु. | कूल न्यूनतम अंङ्क रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| IRMSI/2076-77/01 | ईन्द्रावती नदी तर्फ ईन्द्रावती गाउँपालिका क्षेत्रको धुसेनी बगर, प्यूघर माझी बस्ती, तीनघरे बगर, बोडगाउँ बगर र रयाले बगरको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक)। | ७६९७९७९.४४ | ९/- | रु ६,९२,८१,८१४.९६/- | रु ५,०००/- | कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| IRMSI/2076-77/02 | सडक मर्मत संभार शुल्क आय संकलन (ईन्द्रावती गाउँपालिकाको क्षत्राधिकार भित्र पर्ने सम्पूर्ण क्षेत्र)। | (क) ठूला ट्रक, टिपर प्रति टिप रु ३००/-<br>(ख) आइचर प्रति टिप रु २००/-<br>(ग) निसान प्रति टिप रु १५० /-<br>(घ) ट्याक्टर तथा साना साधन प्रति टिप रु १०० /- | | रु ७५,००,०००/- | रु ३,०००/- | |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्काहरुको लागि प्रत्येक विषयको छुट्टा छुट्टै वोलपत्र खरिद गरी छुट्टा छुट्टै भरी पेश गर्नु पर्नेछ । साथै बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वत: रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।

२. ठेक्का अवधी गाउँपालिकासंग सम्झौता भएको मिति देखि २०७७ साल आषाढ मसान्त सम्म रहनेछ । विशेष कारणबस अमानतबाट आन्तरिक आय संकलन गर्नुपर्ने अवस्था भएमा ठेक्का सम्झौताको मिति भन्दा अगाडि संकलन भएको रकम घटाई कूल ठेक्का अंङ्कको बाँकी रकम र बाँकी अवधिको लागि ठेक्का सम्झौता गरिनेछ । ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन । साथै IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन ।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्को थप मूल्य अभिवृद्धि कर राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण आ.व.को प्रत्येक चौमासिक भुक्तान भएको महिना भित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको **मेगा बैंक नेपाल लि., ईन्द्रावती शाखा, नवलपुर स्थित धरौटी खाता नं. १००००१०००८४९५** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको एकमुष्ठ रकम सम्झौता मितिमा बुझाएमा कूल कबोल रकमको ५ प्रतिशत छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **मेगा बैंक नेपाल लि., ईन्द्रावती शाखा नवलपुरमा रहेको खाता नं. १००००१०००८५२७** मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा ईन्द्रावती गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काहरुको लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजे भित्र अर्थात २०७६/०३/१३ गते यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । साथै उक्त सूचना ईन्द्रावती गाउँपालिकाको वेभ साइट www.indrawatimun.gov.np मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत वा सिधै शिलबन्दी विधिबाट पनि पेश गर्न सकिनेछ । प्राप्त बोलपत्रहरु मध्ये सोही दिन दिनको १:०० वजे आय ठेक्का नं. IRMSI/2076-77/01 को वोलपत्र फाराम खोलिनेछ भने आय ठेक्का नं. IRMSI/2076-77/02 को हकमा सोही दिन दिनको २:०० वजे ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

विनोद राका
प्रमुख प्रशासकीय अधिकृत